# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, श्रावण ३० गते, २०७९ साल (अतिरिक्ताङ्क १६


## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

# मुख्यमन्त्री ड्यासबोर्ड सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९

<u>प्रस्तावना:</u> प्रदेशका स्वीकृत नीति योजना तथा कार्यक्रमलाई व्यवस्थापनमा सहयोगका साथसाथै प्रदेशलाई डिजिटल प्रदेश बनाउने लक्ष्यमा मुख्यमन्त्री

डयासबोर्डको व्यवस्थापन तथा सञ्चालन गरी प्रदेश सरकारका मन्त्रालय र निकायहरुका नीति, कार्यक्रम, योजना, वजेट, कार्यान्वयनको स्थिति र सोसँग सम्बन्धित गतिबिधिलाई डिजिटल प्रणालीमा आवद्ध गर्न, साथै त्यस्ता क्रियाकलापहरुको समयसापेक्ष सुपरिवेक्षण तथा अनुगमनका लागि सहयोग पुऱ्याउन डिजिटल प्रविधिमा आधारित "**मुख्यमन्त्री डयासबोर्ड**" प्रणाली सञ्चालन गर्न आवश्यक भएकाले, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार अन्तर्गत "**मुख्यमन्त्री डयासबोर्ड सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९**" तर्जुमा गरिएको छ ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) निर्देशिकाको नाम "**मुख्यमन्त्री डयासबोर्ड सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९**" रहेको छ ।

(२) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "**अनुगमनकर्ता**" भन्नाले मुख्यमन्त्री, विभागीय मन्त्री, प्रमुख सचिव, सचिव तथा सम्बन्धित निकायको प्रमुख समेतलाई सम्झनुपर्दछ ।

(ख) "**नीति तथा कार्यक्रम**" भन्नाले प्रदेश नं. १ प्रदेश सरकारले वार्षिक रुपमा जारी गर्ने सम्बन्धित नीति तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(ग) "**प्रविष्टिकर्ता**" भन्नाले दफा ७ को उपदफा (१) बमोजिम मुख्यमन्त्री डयासबोर्डमा तथ्याङ्क प्रविष्टिका लागि तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(घ) "**डयासबोर्ड प्रणाली**" भन्नाले मुख्यमन्त्री डयासबोर्ड सफ्टवेयर प्रणालीलाई सम्झनुपर्छ ।

(ङ) **"सम्बन्धित निकाय"** भन्नाले मुख्यमन्त्री ड्यासबोर्ड सफ्टवेयर सञ्चालन गर्ने प्रदेश सरकारका मन्त्रालय तथा निकायलाई सम्झनुपर्छ ।

३. <u>उद्देश्य:</u> (१) यस निर्देशिकाको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, कार्य प्रक्रियामा विद्युतीय प्रविधिको प्रयोग बढाई विद्यमान कार्य पक्रियालाई छिटो-छरितो बनाउन सहयोग पुऱ्याउने ।

(ख) प्रदेश मन्त्रालय र निकायबाट सञ्चालन हुने आयोजना, कार्यक्रम तथा सरकारले तर्जुमा गर्ने बजेट प्रक्रियालाई रणनीतिक योजनासँग तालमेल गर्दै सरल, व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने ।

(ग) प्रदेश सरकारले कार्यान्वयनमा ल्याएका आयोजना तथा कार्यक्रमहरूको लगानी, क्रियाकलाप, प्रकृया, प्रतिफल, असर र प्रभाव को नियमित र व्यवस्थित अनुगमन तथा मूल्याङ्कन गर्ने।

(घ) प्रदेश सरकारको नीति निर्माण, निर्णय प्रकृया, कार्यक्रम सञ्चालन तथा व्यवस्थापन र आयोजना तथा कार्यक्रमका लागि आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने।

(ङ) सरकारको योजना तथा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी काम कारवाहीलाई स्वच्छ, पारदर्शी, जवाफदेही र विश्वसनीय बनाउन सहयोग पुर्याउने ।

४. <u>मुख्यमन्त्री ड्यासबोर्ड प्रणालीको स्थापना तथा व्यवस्थापन:</u> (१) मुख्यमन्त्री ड्यासबोर्ड सफ्टवेयरको सञ्चालन, रेखदेख र नियन्त्रणको सुपरिवेक्षिकीय जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा रहने छ ।

(२) मुख्यमन्त्री ड्यासबोर्ड सफ्टवेयरको प्रयोगबाट प्रदेशका मन्त्रालय तथा निकायहरुको आन्तरिक मूल्याङ्कन समेत हुने हुँदा सार्वजनिक रुपमा यस प्रणालिको डोमेन नाम उपलब्ध हुने छैन ।

(३) मुख्यमन्त्री ड्यासबोर्ड सफ्टवेयर प्रणालीबाट तयार हुने प्रतिवेदनलाई सार्वजनिकरुपमा प्रदेश पोर्टल तथा प्रदेशका आधिकारिक सम्प्रेषणको माध्यमबाट प्रकाशित गर्न सकिनेछ ।

५. <u>मुख्यमन्त्री ड्यासबोर्ड प्रणाली प्रयोग गर्नु पर्ने</u>: (१) ड्यासबोर्ड प्रणाली यस प्रदेशका सबै मन्त्रालय, आयोग तथा निकायहरुले अनिवार्य रुपमा प्रयोग गर्नु पर्नेछ।

(२) मुख्यमन्त्री ड्यासबोर्ड प्रणालीको सर्भर तथा तथ्याङ्क प्रणालि प्रदेश सरकारले तोकेको स्थान बाहेक ड्यासबोर्ड प्रणालि विकासकर्ताले अन्य स्थानमा उपयोग गर्न पाउने छैन।

(३) मुख्यमन्त्री ड्यासबोर्ड प्रणालीले नेपाल सरकार र प्रदेश सरकारका विभिन्न निकायले विकास गरेका सफ्टवेयर प्रणालीहरुलाई आवद्ध तथा सञ्जालीकरण गरी प्राप्त तथ्याङ्कहरुलाई अनलाइन बिश्लेषण माध्यमबाट उपयोग गरिनेछ।

(४) प्रदेशका मन्त्रालय एवम् निकायमा कार्यरत कर्माचारीहरुले मुख्यमन्त्री ड्यासबोर्ड प्रणाली प्रयोग गर्दा नेपाल सरकारको आधिकारिक ईमेल प्रणालीको ईमेल खाता प्रयोग गर्नु पर्नेछ ।

६. <u>ड्यासबोर्डमा प्रविष्ट गर्नुपर्ने विवरणहरु</u>: (१) मन्त्रालय तथा निकायहरुले देहायका विवरणहरु यस प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ;

(क) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका आयोजना तथा कार्यक्रमहरु ।

(ख) सेवा प्रवाह सुधारका लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु ।

(ग) आर्थिक, सामाजिक वा साँस्कृतिक रुपले पिछडिएको क्षेत्र वा वर्ग लक्षित आयोजना तथा कार्यक्रमहरु ।

(घ) विपद् न्यूनीकरण सम्बन्धी आयोजना तथा कार्यक्रमहरु ।

(ङ) स्वास्थ्य तथा शैक्षिक गुणस्तर सुधार सम्बन्धी आयोजना तथा कार्यक्रमहरु ।

(च) प्रदेश सरकारका प्राथमिकता प्राप्त योजनाहरु तथा कार्यक्रम र रू ५० लाख भन्दा बढी लागतका आयोजना तथा कार्यक्रमहरु। तर रू ५० लाख भन्दा बढी लागतका आयोजना तथा कार्यक्रमहरु नभएमा सो भन्दा कम लागत भएका कम्तिमा ५ वटा आयोजना तथा कार्यक्रमहरु।

(छ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अवलोकन, अनुगमन र सुपरिवेक्षण गर्न सहज हुने आवश्यकता अनुसारका विवरणहरु।

७. <u>सफ्टवेयर सञ्चालन प्रक्रियाः</u> (१) ड्यासबोर्ड सफ्टवेयर सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) प्रदेश मन्त्रालय तथा निकायले नीति, आयोजना तथा कार्यक्रम र सोको प्रगतिको तथ्याङ्क प्रविष्टि गर्ने कार्यका लागि सम्वन्धित मन्त्रालय तथा निकायले मातहतका शाखाहरुमा एक जना कर्मचारीलाई ड्यासबोर्ड तथ्याङ्क प्रविष्टिकर्ता तोक्नु पर्नेछ ।

(ख) तोकिएका पदाधिकारीले ड्यासबोर्डमा तथ्याङ्क प्रविष्टि गरे नगरेको, प्रविष्टि गरेको तथ्याङ्क ठीक भए नभएको रुजु सम्वन्धित मन्त्रालय तथा निकायको योजना महाशाखा वा शाखा प्रमुखले गर्नुपर्नेछ।

(ग) ड्यासबोर्डमा प्रकासित तथ्याङ्कका आधारमा प्रतिवेदन विकसित गरी अनुगमनकर्तालाई उपलब्ध गराउनु पर्नेछ ।

८. **तथ्याङ्क प्रविष्टि**: (१) नीति, आयोजना तथा कार्यक्रमहरुको तथ्याङ्क र सोको प्रगति विवरणको तथ्याङ्कको प्रविष्टि सम्बन्धित मन्त्रालय तथा निकायले प्रणाली सञ्चालनको जिम्मेवारी तोकेको कर्मचारीले गर्नु पर्नेछ।

(२) सम्वन्धित मन्त्रालयको सचिव तथा कार्यालयको कार्यालय प्रमुखले सफ्टवेयरमा आयोजना वा योजना तथा कार्यक्रमको तथ्याङ्क र सोको प्रगति विवरणको तथ्याङ्क नियमित प्रविष्टि भए नभएको, प्रविष्ट भएका तथ्याङ्क मिले नमिलेको सम्बन्धमा नियमित अनुगमन गरी नियमित सफ्टवेयर सञ्चालन गर्न आवश्यक निर्देशन दिनु पर्नेछ ।

(३) सम्बन्धित निकायले प्रत्येक १५ दिन भित्र आवश्यक तथ्यांकहरु ड्यासबोर्ड प्रणालीमा प्रविष्ट गरिसक्नु पर्नेछ।

९. **ड्यासबोर्ड सञ्चालन सहजीकरण तथा अनुगमन समितिः** (१) प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुमा विद्युतीय प्रणालिमा प्रविष्ट गर्न र सोही प्रणालीवाट प्रतिवेदन विकास गर्ने उद्देश्यले स्थापित ड्यासबोर्ड सञ्चालनमा ल्याउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा देहाय बमोजिमको अनुगमन तथा सहजीकरण समिति रहनेछः

(क) महाशाखा प्रमुख, शासकीय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक

(ख) प्रमुख, बजेट कार्यक्रम तथा योजना महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) उपसचिव/अधिकृत नवौं- प्रदेश योजना आयोग -सदस्य

(घ) कम्प्युटर ईन्जिनियर/अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) शाखा अधिकृत, शासकीय सुधार तथा समन्वय महाशाखा -सदस्य-सचिव

**१०. ड्यासबोर्ड सञ्चालन अनुगमन तथा सहजिकरण समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) ड्यासबोर्ड सफ्टवेयर प्रणाली सञ्चालनको नियमित अनुगमन तथा निरीक्षण गरि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(ख) ड्यासबोर्ड सफ्टवेयर प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रणनीति बनाउने ।

(ग) ड्यासबोर्ड सञ्चालन सम्बन्धमा देखिएका समस्या निराकरण गर्न र सम्बन्धित निकायका गुनासो व्यवस्थापन गर्ने ।

(घ) ड्यासबोर्ड प्रणालीको नियमित प्रयोग गर्न उपयुक्त प्रयोगकर्ताको व्यवस्थापन गर्ने, गराउने।

(ड) ड्यासबोर्ड प्रणालिमा प्राप्त तथ्यांक एवं सूचनाको संरक्षण, उपयोग र व्यवस्थापनको सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने।

(च) ड्यासबोर्ड प्रणालि सञ्चालन सम्बन्धी आवश्यक म्यानुअल तयार गरी कार्यान्वयनमा ल्याउने।

११. **ड्यासबोर्ड सञ्चालन फोकल समिति** :(१) ड्यासबोर्ड प्रणालिको नियमित सञ्चालन गर्न देहाय अनुसारको फोकल समिति रहनेछः

(क) उपसचिव, शासकीय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक

(ख) कम्प्युटर ईन्जिनियर/अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) शाखा अधिकृत, शासकीय सुधार तथा समन्वय महाशाखा -सदस्य

(घ) शाखा अधिकृत, प्रदेश योजना आयोग -सदस्य

(ङ) कम्प्युटर ईन्जिनियर/अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

**१२. डयासबोर्ड सञ्चालन फोकल समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) डयासबोर्ड सफ्टवेयर प्रणालीको प्रयोग तथा दिगोपन सम्बन्धी रणनीतिको कार्यान्वयन गर्ने।

(ख) डयासबोर्ड सफ्टवेयर प्रणाली सञ्चालनको अनुगमन तथा निरीक्षण गर्ने ।

(ग) डयासबोर्ड सफ्टवेयर प्रयोगकर्ताको व्यवस्थापन गर्ने ।

(घ) तथ्यांक प्रविष्ट गर्दा आईपर्ने प्राविधिक समस्याको निराकरण गर्न सम्बन्धित निकायहरुलाई सहयोग उपलब्ध गराउने।

(ङ) डयासकोर्ड सञ्चालन अनुगमन तथा सहजिकरण समितिले तोकेका अन्य कार्यहरु गर्ने।

**१३. सम्बन्धित निकायको जिम्मेवारी:** (१) सम्बन्धित निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) प्रदेश मन्त्रालय तथा निकायले सम्बन्धित डयासबोर्ड प्रयोगकर्ता कर्मचारीको खाताको व्यवस्थापन गर्ने गराउने।

(ख) मन्त्रालय तथा निकायहरुले तोकिएको विवरण तकिएको समय भित्र प्रविष्ट गरे नगरेको नियमित अनुगमन गर्न र समयमै प्रविष्ट गर्न लगाउने।

(ग) डयासबोर्ड प्रयोगकर्ताले निकायको खाता व्यवस्थापन गर्न सूचना प्रविधि सम्बद्ध एक जना कर्मचारिलाई तोकि दिने ।

(घ) डयासबोर्ड सफ्टवेयर प्रणाली व्यवस्थापन तथा सञ्चालनका लागि अधिकृतस्तरको एकजना कर्मचारिलाई डयासबोर्ड सम्पर्क व्यक्ति तोकी जिम्मेवारी दिने ।

**१४. डयासबोर्ड प्रयोगर्ताको जिम्मेवारी:** (१) सम्बन्धित निकायका डयासबोर्ड प्रयोगर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) प्रयोगकर्ताले आफ्नो खाताको पासवर्ड कम्तीमा तीन महिनामा परिवर्तन गर्ने ।

(ख) आफूलाई प्राप्त प्रयोगकर्ता खाताको पासवर्ड सुरक्षित राख्ने ।

(ग) ड्यासबोर्डमा प्रविष्ट गरिएको तथ्याङ्कलाई प्रमाणिक तथ्याङ्कको रुपमा लिइने हुँदा वास्तविक तथ्याङ्कलाई मात्र प्रविष्ट गर्ने ।

(घ) ड्यासबोर्ड मार्फत् प्राप्त हुने कार्यालयको गोप्य सूचना अनाधिकृत रुपमा सम्प्रेषण गर्न नहुने।

१५. <u>सूचना प्रवाहः</u> (१) ड्यासबोर्डमा प्रविष्ट गरिएको तथ्याङ्कलाई प्रमाणिक तथ्याङ्कको रुपमा लिई सोही बमोजिम सूचना प्रवाह गरिनेछ ।अनुगमन सम्बन्धि प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रत्येक महिनाको एक गते र सोह्र गते पेश गरिसक्नु पर्नेछ ।

१६. <u>प्रतिवेदन सम्बन्धमाः</u> (१) दफा (६) बमोजिमका आयोजना तथा कार्यक्रम र विवरणहरुको प्रगति प्रतिवेदन नियमित रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

१७. <u>निर्देशन गर्न सक्नेः</u> मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ड्यासबोर्ड सञ्चालन सम्बन्धमा निर्देशिकामा उल्लेख भएको विषय बाहेक अन्य विषयमा सम्बन्धित मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१८. <u>निर्देशिकाको पालनाः</u> (१)यो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय अन्तिम हुनेछ ।

(३) सफ्टवेयरमा नियमित रुपमा आवश्यकता अनुसारको तथ्याङ्क प्रविष्टि गर्ने वा गराउने कार्य सम्वन्धित मन्त्रालय वा कार्यालयको कर्तव्य हुनेछ ।

(४) यस निर्देशिकालाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ।

१९. <u>बाधा अड्काउ फुकाउने</u>ः (१) यस निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन आई परेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रचलित कानून र यो निर्देशिका विपरित नहुनेगरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२०. <u>प्रचलित कानून बमोजिम हुने</u>ः (१) निर्देशिकामा उल्लेखित प्रावधानहरु यसै वमोजिम र उल्लेख नभएको विषय प्रचलित कानून वमोजिम हुनेछ।

प्रकाशित मितिः- २०७९/०५/१६

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np